# डि.पि. (Depository Participant) सेवा सम्बन्धि

Siddhartha Capital Limited
Investing happiness

## क. डिम्याट खाता खोल्ने

यस कम्पनीको वेभसाईटकको Forms and Downloads मा Click गरी Beneficial Owner Account Opening Form (Individual) तथा Depository Participant (DP) and Beneficial Owner (BO) Agreement Form (संस्थाको हकमा Beneficial Owner Account Opening Form (Institutional) Print गर्ने । उक्त फारममा उल्लेखित सम्पूर्ण विवरण भरी देहायका कागजात तथा सेवा शुल्क वापतको रु. १५०/- तोकिएको बैंक खातामा जम्मा गरेको बैंक भौचर संलग्न गरी सुरक्षा गार्डसँगको समन्वयमा गरी सिद्धार्थ क्यापिटलको गेटसँगै को Drop Box मा छोड्ने ।

**डिम्याट खाता खोल्नका लागि देहाय बमोजिमका कागजात तथा विवरणहरु संलग्न गर्नुपर्ने :**

(क) निवेदनमा विवरण उल्लेख गर्दा बैंक विवरणमा सम्बन्धित खाता नम्बर उल्लेख गर्नु पर्नेछ,

(ख) निवेदक प्राकृतिक व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्र,

(ग) निवेदक कम्पनी वा संस्था भएमा दर्ता प्रमाणको प्रतिलिपि,

(घ) निवेदक कम्पनी वा संस्था भएमा खाता संचालनका लागि अख्तियारनामा,

(ङ) निवेदक कम्पनी वा संस्थाको संचालक समितिको निर्णय,

(च) हितग्राही नाबालक भएमा संरक्षकत्व खुल्ने कागजात ।

**तोकिएको बैंक खाताः**

| | |
|---|---|
| Account Name | : SCL DMAT AC |
| Bank Name | : Siddhartha Bank Limited, Hattisar Branch |
| Account No | : 00115276938 |

यस सम्बन्धी कार्य प्रगतिको जानकारी सम्बन्धित व्यक्तिको इमेल ठेगाना मार्फत गराईनेछ । थप जानकारीको लागि ईमेल ठेगाना pallavi@siddharthacapital.com वा grishma@siddharthacapital.com मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ ।

# डि.पि. (Depository Participant) सेवा सम्बन्धि

Siddhartha Capital Limited
Investing happiness

**ख. मेरो शेयरको सम्बन्धमा :**

यस कम्पनीको वेवसाईटबाट Mero Share Form Download गरेर फारम बमोजिमको सम्पूर्ण विवरण भरी उक्त फारम, हितग्राही खातावालाको नागरिकता तथा यसवापतको शुल्क रु. ५०/- उल्लेखित बैंक खातामा जम्मा गरेको बैंक भौचरको Scan Copy संलग्न गरी pallavi@siddharthacapital.com वा grishma@siddharthacapital.com मा पठाउन’ सक्नुहुनेछ । यसरी निवेदन प्राप्त गरिसकेपछि हितग्राही खातावालाले हितग्राही खाता खोल्दा उल्लेख गरेको ईमेलमा User Name र Password उपलब्ध गराईनेछ । यस्तो User Name र Password गोप्य र सुरक्षित राख्नुहुन अनुरोध गरिन्छ । यसको अनाधिकृत प्रयोगको स्वयं जिम्मेवार रहनुपर्नेछ

**तोकिएको बैंक खाता:**

| | | |
|---|---|---|
| Account Name | : | SCL MERO SHARE |
| Bank Name | : | Siddhartha Bank Limited, Hattisar Branch |
| Account No | : | 00115276979 |

**ग. डिम्याट खाता/मेरो शेयर नविकरण सम्बन्धमा :**

डिम्याट खाताको नविकरण शुल्क भुक्तानी गर्न **E-Sewa, IME Pay, Khalti, Connect IPS** वा **Siddhartha Bank Smart** जस्ता विद्युतीय भुक्तानी माध्यमा Login गर्ने । तत्पश्चात् डिम्याट खाता नविकरण गर्न Select गर्ने र सहि डिम्याट खाता नम्बर यकिन गरेर तिर्न बाँकी रहेको नविकरण शुल्क बापतको रकम लेखी Enter गर्ने ।

यसरी नविकरण शुल्क भुक्तानी गरेको बढीमा ३ (तीन) कार्य दिनभित्र डिम्याट खाता नविकरण हुनेछ । थप जानकारीको लागि ईमेल ठेगाना ashesh@siddharthacapital.com वा suraj@siddharthacapital.com मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ

**घ. बिक्री गरिएको शेयरको हस्तान्तरण सम्बन्धी कार्य :**

१. अनलाईन माध्यमबाट **Electronic Debit Instruction Slip (EDIS)** शेयर हस्तान्तरण गर्न मेरो शेयर सेवाको Page खोली Login गर्ने र My EDIS मा गई Settlement को लागि Process गर्ने ।

**नोटः** यस कार्यको लागि अनिवार्य रुपमा WACC Calculate भएको र Demat Account नविकरण भएको हुनुपर्नेछ।

२. **भौतिक Debit Instruction Slip (DIS)** मार्फत Settlement गर्न सम्बन्धित ब्रोकर मार्फत मात्र यस कम्पनीमा सम्पर्क राख्नुपर्नेछ।

थप जानकारीको लागि ईमेल ठेगाना grishma@siddharthacapital.com वा pallavi@siddharthacapital.com मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ ।

# डि.पि. (Depository Participant) सेवा सम्बन्धि

Siddhartha Capital Limited
Investing happiness

ङ. **शेयर धितो (एभिमनभ) सम्बन्धमा :**

Pledge सँग सम्बन्धित कागजातहरु (अनुसूची-१८, अनुसूची-१९, Bank Deed, बैंकको Cover Letter, संस्थापकको हकमा कम्पनीले जारी गरेको No Objection Letter लाई सम्बन्धित बैंकको कर्मचारीले प्रमाणित गरी सो को Scan Copy यस कम्पनीको ईमेल ठेगाना grishma@siddharthacapital.com वा pallavi@siddharthacapital.com मा पठाउनुपर्नेछ।

उपरोक्तानुसारको कागजात प्राप्त गरिसकेपछि यस कम्पनीले हस्ताक्षर Verify गरी हस्ताक्षर मिलेको खण्डमा Pledge को कार्य अगाडि बढाउनेछ।

Pledge को काम भैसकेपछि सम्बन्धित बैंकलाई System बाट Generate भएको Pledge Letter पठाईनेछ। सो, पश्चात् सम्बन्धित बैंकको कर्मचारीले इमेल वा फोनमार्फत प्रत्यक्ष रुपमा यकिन गरे पश्चात् मात्र कर्जा प्रवाह लगायतको कार्य अगाडि बढाउनुपर्नेछ। सम्बन्धित बैंकको कर्मचारीले ईमेल वा फोनमार्फत प्रत्यक्ष रुपमा यकिन नगरी कर्जा प्रवाह गर्ने र सोही कारणले अन्यथा हुन गएमा सम्बन्धित बैंक नै जवाफदेही हुनेछ।

सम्बन्धित बैंक तथा वित्तीय संस्थाको आधिकारीक ईमेलबाट मात्रै आएका रोक्का तथा फुकुवा सम्बन्धि कार्य गरिनेछ। साथै, शेयर रोक्का गर्दा लाग्ने शुल्क यस सिद्धार्थ क्यापिटल लिमिटेडको देहाय बमोजिमको खातामा जम्मा गर्नुपर्नेछ र सो जम्मा गरेको रकम भौचरको Scan Copy सो ईमेलबाटै पठाउनु पर्नेछ।

**तोकिएको बैंक खाता:**

| | |
|---|---|
| Account Name: | SCL PLEDGE |
| Bank Name : | Siddhartha Bank Limited, Hattisar Branch |
| Account No : | 00115276990 |

## च. BO to BO हस्तान्तरण

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको मिति २०७७/०४/३२ मा जारी पत्र बमोजिम हितग्राहीले BO to BO Form भरी उक्त फारमका साथ यस वापतको प्रति कम्पनी शुल्क रु. २५/- का दरले हुन आउने कुल शुल्क तोकिएको बैंक खातामा जम्मा गरेको भौचरको Scan Copy संलग्न गरी ईमेल grishma@siddharthacapital.com वा pallavi@siddharthacapital.com मा पठाउनुपर्नेछ।

**तोकिएको बैंक खाता:**

| | | |
|---|---|---|
| Account Name | : | Siddhartha Capital Limited-DP |
| Bank Name | : | Siddhartha Bank Limited, Hattisar Branch |
| Account No | : | 00115272761 |

## छ. घरायसी तथा मृत्यु नामसारी सम्बन्धमा :

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको मिति २०७७/०४/३२ को पत्र बमोजिम घरायसी तथा मृत्यु नामसारी सम्बन्धी सम्पूर्ण कार्य हाललाई स्थगित गरिएको छ ।

# शेयर रजिष्ट्रार सम्बन्धि सेवा :

Siddhartha Capital Limited
Investing happiness

**क. नगद लाभाशंको सम्बन्धमा :**

अभौतिकीकरण भएको हकमा डिम्याट खातामा बैंक खाता अध्यावधिक गरेर यस कम्पनीको ईमेल ठेगाना sujan@siddharthacapital.com तथा kalpana@siddharthacapital.com मा जानकारी गराउनु पर्नेछ। एक हप्तासम्म प्राप्त भएको निवेदनहरुको आवश्यक Verify गरे पश्चात् रकमान्तर गर्न योग्य निवेदनहरुको हकमा त्यसपछिको दोस्रो हप्तामा नगद लाभांश बैंक खातामा रकमान्तर गरिनेछ।

**ख. बोनश/हकप्रद शेयर हितग्राहीको खातामा पठाउने कार्य सम्बन्धमा :**

कुनै कम्पनीको बोनस शेयर खातामा गए नगएमा फोन (4420924/4420925, ext-311/313) मार्फत जानकारी लिन सकिने र नगएको खण्डमा सम्बन्धित खातामा पठाइदिन ईमेल sujan@siddharthacapital.com तथा kalpana@siddharthacapital.com मा जानकारी गराउने।

धितोमा रहेको शेयरको हकमा सम्बन्धित बैंकबाट जारी गरिएको No Objection Letter यस कम्पनीको ईमेल ठेगाना sujan@siddharthacapital.com तथा kalpana@siddharthacapital.com मा जानकारी गराउने।

एक हप्तासम्म प्राप्त भएका निवेदनहरुको आवश्यक Verify गरेपश्चात् रकमान्तर गर्न योग्य निवेदनहरुको हकमा त्यस पछिको दोस्रो हप्तामा बोनश/हकप्रद शेयर डिम्याट खातामा पठाइनेछ।